म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक ४३ | मंगलबार २५ भदौ २०८१ | ने. सं. ११४४ ञलाथ्व | 10 September 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८४५०७०१५६

# कृषि थोकबजार तयार, दुईतले भवनमा ६३ वटा सटर

## एक महिनाभित्र सञ्चालनमा ल्याउन मन्त्री काफ्लेको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ बागमती प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा निर्माण भएको प्रादेशिक कृषि थोकबजार सञ्चालनको तयारी अवस्थामा पुगेको छ ।



९६ प्रतिशत भौतिक प्रगति भएको बजारको कार्यविधि बनाएर सञ्चालनको तयारीमा प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय लागेको हो । सोमबार बागमती सरकारका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले बजारको स्थलगत निरीक्षण गर्दै एक महिनाभित्र बजार सञ्चालन गरि सक्न निर्देशन दिए । 'समयमै सञ्चालन हुनुपर्छ । एक महिनाभित्र चलेको खबर पाउनुपर्छ,' उनले भने ।

हेटौंडा उपमहानगर पालिका-११ थानाभन्याङमा प्रादेशिक कृषि थोकबजार निर्माण भएको छ । ठेक्का लिएको अनक/माउण्टेन जेभी काठमाडौंले भवन निर्माणको काम सकेर हस्तान्तरणको अन्तिम तयारीमा छ । हेटौंडा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले थोकबजार सञ्चालनका लागि उपमहानगर तयार रहेको बताए । कार्यविधि बनेपछि उपमहानगरपालिकाले सञ्चालन गर्ने उनको भनाई छ । थोकबजारले किसानले श्रमको उचित मूल्य पाउने र बिचौलियाको समस्या हल हुने न्यौपानेले विश्वास लिएका छन् ।

अनक/माउण्टेन जेभी काठमाडौंले ३० करोड ८७ लाख ६२ हजार ७ सय ८७ रुपैयाँमा ठेक्का पायो । थोकबजार निर्माणको गत असारसम्म वित्तीय प्रगति ८६ प्रतिशत रहेको निर्देशनालयले जनाएको छ । निर्माण कम्पनीलाई २६ करोड ५५ लाख ३५ हजार ९ सय ९६ रुपैयाँ गत असारमै भुक्तानी भएर थप २ करोड भन्दा बढीको भुक्तानीको चरणमा रहेको निर्देशनालयले जानकारी दिएको छ ।

९ जेठ २०७८ मा काम सुरु गरेको कम्पनीले जेठ २०८१ भित्र सम्पन्न गर्नुपर्ने सम्झौतामा थियो । ७ महिना म्याथ थप भएर ८ मंसिरसम्ममा काम सम्पन्न गरि सक्नु पर्नेछ । सडक कालोपत्रे र अन्य सामान्य काम मात्रै गर्न बाँकी रहेको निर्देशनालयका सबइन्जिनियर मोदनाथ तिम्सिनाले जानकारी दिए । थोकबजारमा होलसेल मार्केट, रिटेलस मार्केट, किसानको टहरा, प्रशासनिक तथा क्यान्टिन, कोल्ड स्टोरेजलगायतका संरचना बनेका छन् ।

बजारको होलसेल मार्केटमा ४० वटा सटर र रिटेलस मार्केटमा २३ वटा सटर रहेको छ । भवनमा अण्डरग्राउण्ड पार्किङके पनि सुविधा छ । एउटै भवनमा दुईवटासम्म लिफ्ट रहेका छन् । माथिल्लो तलामा पनि सटर छ । भण्डारण, शीतभण्डार, प्याकिङ, ग्रेडिङ र प्रशोधन जस्ता कार्य यहाँबाट गर्न सकिने भएको छ । हाल १ नम्बर वडाको राप्तीतटमा थोकबजार छ । यसैलाई थोकबजारमा ल्याइने जनाइएको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ मा बागमती सरकारले थोकबजारका लागि ४ करोड विनियोजन गरेको छ । प्रदेश सरकारले ७०/३० को लगानी मोडलअनुसार दुई बिघा ४ धुर क्षेत्रफलमा तीनवर्ष लगाएर थोकबजार निर्माण गर्ने लक्ष्यसहित १४ भदौ २०७७ मा हेटौंडा उपमहानगर पालिकासँग सम्झौता गरेको हो । सम्झौताको एक वर्षपछि थोकबजार निर्माण थालिएको थियो । १८ असार २०७८ मा बागमतीका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल र उपमहानगरका मेयर हरिबहादुर महतले शिलान्यास गरेका थिए ।

### कहिले बन्छ सञ्चालन कार्यविधि ?

बजार तयार भएर सञ्चालनको मुखैमा आइपुग्दा कार्यविधि भने बनेको छैन । बल्ल कार्यविधि बनाएर सञ्चालन मोडालिटी टुंग्याउने गृहकार्यमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय लागेको छ ।

थोकबजारको भौतिक संरचना तयार भएसँगै कार्यविधि निर्माणमा जुटेको मन्त्रालयका सचिव विनोद भट्टराईले बताए । कार्यविधि बनाएर छिट्टै सञ्चालन गरिने उनको भनाई छ । भवन हस्तान्तरण हुनुअघि कार्यविधि बनाइसक्ने योजना हेरिरहेको मन्त्रालय मातहतको कृषि विकास निर्देशनालयका निर्देशक सुधीर श्रेष्ठले बताए ।

# गौरीटार रंगशाला र पाउडर प्लान्ट निरीक्षणमा मन्त्री काफ्ले

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले गौरीटार रंगशाला, दूध पाउडर प्लान्ट र प्रादेशिक कृषि थोकबजारको निरीक्षण गरेका छन् ।



यी तीनवटै योजना बागमती प्रदेश सरकारले गौरवको आयोजनाको रुपमा बहुवर्षीय ठेक्का लगाएर काम अगाडि बढाएको थियो । परियोजनाको प्रगति मूल्यांकनका लागि मन्त्री काफ्लेले सोमबार स्थलगत निरीक्षण गरेका हुन् । हेटौंडा-६ स्थित गौरीटार रंगशालामा करिब २४ करोड रुपैयाँ लागतमा निर्माण भइरहेको फुटबल मैदान र प्यारापिटको अनुगमन गर्दै उनले करिब ४ करोड रुपैयाँ खर्चेर निर्माण भएको फुटबल मैदान असाध्यै कमजोर रहेको बताए ।

मन्त्री काफ्लेले त्यसलाई तत्काल पुनर्निर्माण गर्न समेत निर्देशन दिए । उनले प्याराफिट निर्माण भएको स्थानका पिल्लरमा केही समस्या देखिएको भन्दै तत्काल यो समस्याको समाधान गर्न खेलकुद मन्त्रालयको ध्यानाकर्षण गराएका छन् । फुटबल मैदान र प्याराफिट निर्माणका लागि प्रदेश सरकारले करिब ९० करोड रुपैयाँ खर्च गर्दैछ । प्रदेशले यो आयोजनालाई बहुवर्षीय योजनाको रुपमा अगाडि बढाएको छ ।

हेटौंडा-१० स्थित दूध पाउडर प्लान्ट ४७ करोड रुपैयाँ लागतमा निर्माण गरेपनि सञ्चालनमा आउन सकेको छैन् । उद्योग सञ्चालन गर्ने मोडालिटी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गर्न सकेको छैन । जसले गर्दा उद्योग पूर्णरुपमा स्थापना गरिएपनि सञ्चालन भने भएको छैन । अनुगमनको क्रममा मन्त्री काफ्लेले परियोजना अलपत्र अवस्थामा रहेको भन्दै तत्काल सञ्चालनको वातावरण बनाउन कर्मचारीलाई निर्देशन दिए ।

'हामीले दुग्ध किसानको समस्यालाई मध्यनजर गर्दै उद्योगमा लगानी गरेका हौं । निर्माण सम्पन्न भएपछि यसरी सञ्चालन नगरी राख्नु राम्रो होइन । यसका लागि सरकारले आवश्यक सहयोग गर्न तयार छ ।' मन्त्री काफ्लेले उद्योग सञ्चालनको मोडल तत्काल तयार पार्न कृषि मन्त्रालयका कर्मचारीलाई निर्देशन दिएका हुन् ।

# मोटरसाइकल दुर्घटनामा घाइते गौतमको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ हेटौंडामा मोटरसाइकल दुर्घटनाका घाइतेमध्ये बकैया गाउँपालिका-४ बस्ने ४६ वर्षीय उत्तम गौतमको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हेटौंडा-१६ हटियामा कुकुरले बाटोक्रस गर्दा मोटरसाइकलमा सवार गौतमसहित दुइजना घाइते भएका थिए । हेटौंडा उपमहानगरपालिका-१७ कठायतचोक स्थित धरान-चतरा सडक खण्डमा हेटौंडा बजारबाट ठुलोदमारतर्फ जाँदै गरेको ना ६४ प २७१० नम्बरको मोटरसाइकल सडकमा कुकुरले बाटोक्रस गर्दा गौतम र बकैया-४ बस्ने ४४ वर्षीय प्रभाब गौतम घाइते भएका थिए ।

मृतक गौतमको उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुरमा उपचार सम्भब नहुने भनि फिर्ता गरी चुरेहिल अस्पताल हेटौंडा ल्याएकोमा उपचारको क्रममा आइतबार राति डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

सडकबाट क्रस गर्न लागेको कुकुरलाई बचाउने क्रममा अचानक ब्रेक लगाई आफैं अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ । धरान-चतरा सडक खण्डमा दुर्घटना बढ्दो छ ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to T.U.)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मातृशिशु मृत्युदरमा आएको सुधार

पछिल्लो समय मकवानपुरका गर्भवती स्वास्थ्य संस्थामा पुगेर सुत्केरी गराउन थालेपछि मातृ मृत्युदर र शिशु मृत्युदरमा सुधार आएको छ । नेपाल सरकारले सन १९९७ देखि आमा सुरक्षा कार्यक्रम लागू गरेको थियो । यो कार्यक्रममा उल्लेखनीय बजेट छुट्याउँदै आईरहेको छ । महिला गर्भवती भएदेखि सुत्केरी भएको ४५ दिनसम्म नियमित चेकजाँच निःशुल्क प्रसूतिसेवादेखि यातायात तथा पोषणखर्चसम्म प्रदान गर्दै आएको छ । नवजातशिशु तथा मातृमृत्यु दरमा उल्लेखनीय सुधार भएको देखिन्छ । नियमित गर्भजाँच, स्वास्थ्य संस्थामा सुत्केरी गराउने, नियमित खोप र सर सफाइ लगायत विषयमा महिलामा चेतनावृद्धि भएकाले मातृ तथा नवजात शिशुको मृत्युदरमा कमी आएको बताइएको छ । जिल्ला स्वास्थ्य कार्यालयले स्वास्थ्यसम्बन्धी चेतानामा बृद्धि भएको बताउँदै आएको छ ।

महिलामा बढ्दो चेतना र तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने तथा सुत्केरी पछिको नियमित स्वास्थ्यपरीक्षण गराउने दरमा भएको वृद्धिका कारण मातृ तथा नवजात शिशुको मृत्युदरमा कमी आएको हो । स्वास्थ्य संस्थामा गएर नियमित गर्भवती जाँच गराउने र स्वास्थ्य संस्थामै पुगेर सुत्केरी गराउनेको संख्या बढेको छ । मुलुक संघीय संरचनामा गएपछि वडा तहमा स्वास्थ्य संस्था संचालनमा आएका कारण पनि मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा कमी आएको जिल्ला जनस्वास्थ्य कार्यालयले बताएको छ । स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलालाई सरकारले भत्तालगायत सुविधा दिनु, पछिल्लो समय बाटोघाटो बनेर यातायातको सहजता हुनु र स्वास्थ्य संस्थाप्रति विश्वास बढ्नुजस्ता कारणले स्वास्थ्य संस्थामा पुगेर सुत्केरी गराउने दर बढ्दै गएको हो । घरमा सुत्केरी गराउँदा आमा र नवजातशिशु दुवैको ज्यान जोखिममा पर्ने गरेकाले पनि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्या पछिल्ला वर्षमा बढेको छ । उनका अनुसार आर्थिक वर्ष २०८०/८१ मा मकवानपुरमा सुत्केरी गराउने क्रममा कुनै पनि आमा र नवजातशिशुको मृत्यु भएको छैन । आव २०८०/८१ मा ६६ प्रतिशत गर्भवतीले स्वास्थ्य संस्थामा गएर सुत्केरी गराएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ । आव २०७९/८० मा ७६ प्रतिशत गर्भवती स्वास्थ्य संस्थामा सुत्केरी गराएका थिए । मकवानपुर बाहेक काठमाडौं, ललितपुर र भक्तपुरलगायत जिल्लाका स्वास्थ्य संस्थामा पुगेर सुत्केरी गराउने गरेकाले अघिल्लो वर्षको तुलनामा यसवर्ष संख्या केही कम देखिएको छ ।

स्वास्थ्य संस्थामा गएर गर्भजाँच गराउने गर्भवतीको संख्या पनि विगत वर्षको तुलनामा बढेको छ । गर्भजाँच कम्तिमा आठपटक गराउनुपर्ने हुन्छ । गर्भको नियमित जाँच गराउने गर्भवतीको संख्या आव २०७९/८० मा ३० प्रतिशत रहेकामा आव २०८०/८१ मा बढेर ४८ प्रतिशत पुगेको छ । स्वास्थ्य संस्थामा गएर पहिलोपटक गर्भवती जाँच गराउनेको संख्या शतप्रतिशत रहे पनि नियमित चारपटकसम्म स्वास्थ्य संस्थामा गर्भ जाँच गराउने महिलाको संख्या ५६ प्रतिशतमात्र रहेको बताइएको छ । मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा कमी ल्याउन प्रोत्साहन कार्यक्रम सञ्चालन भएको र सर्वसाधारणमा चेतनाको विकास हुँदै गएका कारण स्वास्थ्य संस्थामा गएर गर्भजाँच गराउने र सुत्केरी हुनेको संख्या बढेका कारण मातृ तथा नवजात शिशु मृत्युदरमा कमी आएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र २६ गते बुधबार ११ सेप्टेम्बर २०२४ । अष्ठमी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४७, सूर्यास्त ६:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | **तुला** | मानसिक तनाव बढ्नेछ |
| **वृष** | आतिथ्यपूर्ण सम्मान पाइनेछ | **वृश्चिक** | मनमा छट्पटि बढ्नेछ |
| **मिथुन** | पवित्र कर्ममा मन जानेछ | **धनु** | शत्रु पराजय हुनेछ |
| **कर्कट** | घरेलु समस्याले सताउने देखिन्छ | **मकर** | बुद्धि र पराक्रम बढ्नेछ |
| **सिंह** | महत्वपूर्ण भेटघाट हुनेछ | **कुम्भ** | नातागोतासँग भेटघाट हुनेछ |
| **कन्या** | उपहार हात लाग्नसक्नेछ | **मीन** | रोकिएको कामहरु बन्नेछ |

# स्टार्टअप अभियानः अवसर र चुनौती



✍ कृष्णहरि बास्कोटा

नेपाल सरकारले नवीनतम ज्ञान, सोच, सीप र क्षमतालाई प्रवर्द्धन गर्ने उद्देश्यले स्टार्टअप नेसन २०३० कार्यक्रम सञ्चालनमा ल्याएको छ । अत्यधिक युवाहरु वैदशिक रोजगारीमा जान थालेपछि उनीहरुलाई मुलुकभित्रै रोजगारी, स्वरोजगारी, उद्यमशीलता, व्यवसाय वा गरिखान सक्ने वातावरण निर्माणको दबाब बढेर गएको छ । यो तीनै तहका सरकारका लागि चुनौती र अवसरका रुपमा सतहमा आएको छ ।

जसको कारण स्वदेशमै केही गर्ने नयाँ सोच भएकालाई स्टार्टअप अभियानअन्तर्गत सहुलियत ब्याजमा कर्जा उपलब्ध गराइने भएको छ । चालू आर्थिक वर्षमा एक अर्बसम्म सहुलियत ब्याजदरमा यस्तो कर्जा प्रवाह गरिने भएको छ । विशेष गरी, सरकारले प्रदान गर्ने यो सहुलियतपूर्ण ऋणबाट नवीवतम र सृजनशील उद्यमशीलतामा लगानी हुने अपेक्षा गरिएको छ ।

स्टार्टअपमा ऋण प्रवाह गर्न नेपाल सरकारले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ जारी गरेको छ । प्रस्तुत कार्यक्रमको कार्यान्वयन गर्ने जिम्मवारी औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले पाएको छ । यसका कार्यकारी निर्देशक इन्जिनियर उमेशकुमार गुप्ता स्वयं युवा हुनुहुन्छ । उहाँले चालू आ.व.मा करिब ६ सयवटा प्रोजेक्टलाई यस कार्यक्रमबाट सघाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । यस कार्यक्रमबाट ऋण हासिल गर्न चाहने इच्छुक उद्यमीले प्रस्ताव पेस गर्नुपर्नेछ । यसका लागि प्रतिष्ठानले २०८१ भदौ ११ गते प्रस्ताव आह्वानको २१ दिने सूचना सार्वजनिक गरेको छ । यस अनुरुप इच्छुक उद्यमीले भदौ मसान्तभित्र आफ्नो प्रस्ताव प्रतिष्ठानमा पेस गरिसक्नु पर्नेछ ।

नेपाल सरकारले जारी गरेको कर्जा पाउने क्षेत्रहरु १९ वटा रहेका छन् । यसको सर सर्ती अध्ययन गर्दा कृषि, सिंचाई तथा पशुपक्षीसँग सम्बन्धित क्षेत्र र वन पैदावार एवं जडीबुटीसँग सम्बन्धित क्षेत्रमा उद्यमशील कर्जा प्राप्त गर्न सकिन्छ । यसै गरी, पर्यटन प्रवर्द्धन, मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित उद्यम तथा विज्ञान, प्रविधि, सूचना र सञ्चारसँग सम्बन्धित क्षेत्रका उद्यमीले कर्जा प्राप्त गर्नेछन् । यस अतिरिक्त, स्वास्थ्य सेवा, शिक्षा, यातायात र पूर्वाधारसँग सम्बन्धित क्षेत्रका उद्यमीले पनि सहुलियतपूर्ण कर्जा पाउनेछन् । साथै, अटोमोबाइलसम्बन्धी क्षेत्र, परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रिया सुधारसँग सम्बन्धित क्षेत्र र खानी र खनिजमा आधारित उद्योगलाई पनि कर्जा प्रवाह गरिनेछ । यसै गरी, घरायसी वा दैनिक जीवनसँग सम्बन्धित, खाद्य उत्पादन तथा प्रशोधनसँग सम्बन्धित क्षेत्र र परम्परागत पेसाको आधुनिकीकरण, सफाइ व्यवस्थापनलगायतमा पनि कर्जा उपलब्ध हुनेछ । यसरी, मोटामोटी सबै क्षेत्रमा नवप्रवर्द्धनमा आधारित उद्योगले ऋण प्राप्त गर्ने कार्यविधिको व्यवस्था रहेको छ ।

हालका दिनमा आमयुवाको आकर्षणको विषयमा रहेको यस स्टार्टअप अभियानका केही बुझ्नै पर्ने विषयहरु पनि छन् । यस अभियानमा एक उद्यमीले एकभन्दा बढी प्रस्ताव पेस गर्न पाइँदैन । यस प्रयोजनका लागि केही योग्यताहरु तोकिएका छन् । जसअनुसार, एक- उद्यम व्यवसाय दर्ता भई दश वर्ष ननाघेको हुनुपर्नेछ । दुई- सम्बन्धित निकायमा प्रा.लि. वा कम्पनी वा साझेदारी वा सहकारीमा दर्ता भएको हुनुपर्छ । तीन- प्रस्ताव पेस गर्ने उद्योगको कुनै पनि वर्षको कारोबार रु. १५ करोडभन्दा बढी भएको हुनुहुँदैन । चार- यस कार्यक्रममा प्रस्ताव गर्ने उद्यम व्यवसाय नटुक्रिएको वा गाभिएको हुनुहुँदैन । पाँच- प्रस्ताव पेस गर्ने उद्योग नवीन एवं सृजनशील सोचमा आधारित, रुपान्तरण गरी तीव्र विकासका सम्भावना बोकेको हुनुपर्नेछ । यस्ता उद्यमीले तोकिएका बैंकहरुबाट कर्जा प्रवाह प्राप्त गर्नेछन् । यस अभियानको वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले २०८१ भदौ ५ गते विधिवत् उद्घाटन गर्नुभएको छ ।

नेपाल सरकार मुलुकबाट गरिबी घटाउन र राष्ट्रिय आत्मविश्वास बढाउन स्टार्टअप कार्यक्रममा जुटेको छ भन्दा शायदै गल्ती होला । सरकारले करिब एक हजार स्टार्टअप आरम्भ गरी एक लाखलाई रोजगारी दिने महत्वाकांक्षी अपेक्षा लिएको छ । यस लक्ष्यको प्राप्ति कार्यान्वयनको सक्रियताबाट मात्रै हासिल हुनेछ । हाललाई सरकारले प्रतिउद्यमीलाई न्यूनतम रु. ५ लाखदेखि रु. २५ लाखसम्म कर्जा दिने सोच बनाएको छ । यस कर्जाको ब्याजदर ३ प्रतिशत रहेको छ भने कर्जा प्रवाह गर्ने बैंकहरुले ०.१ प्रतिशत मात्रै सेवा शुल्क लिन पाउने व्यवस्था गरिएको छ । साथै, यस अभियान सञ्चालन गर्ने प्रतिष्ठानलाई पनि ३ प्रतिशतमा वृद्धि नहुने गरी मात्रै प्रशासनिक खर्च गर्न निर्देश गरिएको छ । यसरी ऋण लिएर काम गर्ने उद्यमीमध्ये अनुकरणीय काम गर्नेलाई पुरस्कारको व्यवस्था पनि गरिएको छ ।

स्टार्टअप अभियानबाट कर्जा हासिल गर्ने उद्योगहरुले जुटाउनुपर्ने कागजातका विषयमा पनि युवाहरु सजग हुनुपर्छ । जसअनुसार उनीहरुले उद्योग दर्ता र नवीकरणको प्रमाणपत्र पेस गर्नुपर्छ । यसै गरी, स्थायी लेखा नम्बर र अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन पनि प्रस्तावसाथ पेस गर्नुपर्छ । यस अतिरिक्त, कर चुक्ता प्रमाणपत्र, उद्योगको प्रोपोराइटरको नागरिकता तथा कर्मचारीको तलवी विवरण बुझाउनुपर्छ । यी कागजातसहित प्रस्ताव पेस गरेपछि मूल्यांकनको आधार निर्माण गरी मूल्यांकन समितिले लगानीयोग्य उद्योगको छनौट गर्नेछ । यसरी स्टार्टअपको विषय उठान भएको लगभग दश वर्ष भयो । हाल भने यसले तरंग ल्याएको छ । यस विषयलाई औद्योगिक व्यवसाय ऐनमा पनि समावेश गरिएको छ । चालू आ.व.को नीति तथा कार्यक्रम, बजेट वक्तव्य, आर्थिक ऐनलगायतमा यस विषयलाई समावेश गरी विश्वासयोग्य वातावरण निर्माण गरिएको छ ।

स्टार्टअप अभियानअन्तर्गत हालसम्म १६७ उद्यमले रु. १७ करोडको कर्जा सुविधा लिइसकेका छन् । नेपाल उद्योग वाणिज्य महासंघले रु. १० अर्बको इन्भेस्टमेन्ट कम्पनी स्थापना गरेको छ । यसरी सरकार र निजी क्षेत्रले संयुक्त प्रयास गरेको आभास भएको छ । यससम्बन्धमा इनकुवेसन केन्द्रलाई पनि प्रभावकारीरुपमा सञ्चालन गर्नुपर्नेछ । यस अभियानअन्तर्गतको ऋण प्रवाह गर्दा परियोजना नै धितो राख्न सकिने व्यवस्था गरिएको छ ।

स्टार्टअप नवीनतम सोच र प्रविधि सहित सञ्चालनमा आउनुपर्छ । उदाहरणका लागि सोफामा पांग्रा राखेमा सफा गर्न, सार्न सजिलो हुन्छ, जुन सोफा छिटो बिक्री हुनेछ । यसै गरी, हँसियामा करौती राखी बिक्री गर्दा धार बनाउन सजिलो हुन्छ र बढी बिक्री हुन्छ । नवीनतम सोचमा आधारित भई काम गर्दा पहिले गरिने कामभन्दा समय, मूल्य र गुणस्तरमा वृद्धि हुनुपर्छ । यो प्रविधि छिटो, छरितो र सुविधाजनक हुनुपर्छ । हाम्रा घट्ट, जाँतो, ढिकीलाई विद्युत्बाट सञ्चालन गर्न सकिन्छ । नवीनतम सोचमा आधारित भई पहाडी र हिमाली क्षेत्रको डाँडामा पोखरी बनाएर, वर्षातको पानी जम्मा गरेर सिंचाइ गर्न सकिन्छ । बगिरहेको नदीको पानी थुनेर कृत्रिम ताल निर्माण गर्न सकिन्छ । यसमा नौका बिहार गराई आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न सकिन्छ । यसरी हामीले सृजशीलताका माध्यमद्वारा आर्थिक समृद्धिका काम गर्न सक्नुपर्छ ।

नेपाल कृषिप्रधान देश हो । यसर्थ, स्थानीय तहको जागरुकतालाई कृषिको आत्मनिर्भरतामा उपयोग गर्नुपर्छ । यस अनुरुप फर्सी र स्कुसबाट जाम बनाउन सकिन्छ । गोलभेंडाबाट केचप उद्योग सञ्चालन हुन्छ । तरकारीलाई रेडी टु कुक तुल्याई सुपरमार्केटमा बिक्री गर्न सकिन्छ । दूधका परिकार बनाउन सकिन्छ । यसै गरी, पाउडर दूध कारखाना सञ्चालन गर्ने, दूधबाट बन्ने घिउलगायत मिठाईका परिकारमा पनि आत्मनिर्भर हुने र चकलेटलगायतका कारखाना खोल्ने योजना निर्माण गर्न सकिन्छ ।

यस अतिरिक्त, पशुपक्षी पसल, पशुपक्षी फार्म, ह्याचरी, मासु पसल, वधशाला, हाटबजार, मण्डीको विकास गर्ने, गोठ सुधार गर्ने, घाँसेबालीको व्यावसायिक बीउ उत्पादन गर्ने, कोरली-पाडी हुर्काउने, गाई फार्म, अस्ट्रिच पालनलगायतका कार्यक्रम सञ्चालन गर्ने र पशु आहारको उत्पादन गर्ने सृजनशीलतामा जान सकिन्छ ।

प्रत्येक स्थानीय तहले निकासी प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय गुणस्तरको प्रमाणीकरण, लेबलिङ, ट्रेडमार्क र ब्रान्डिङतर्फ उन्मुख, कृषि, वनजन्य र खनिज उद्योगमा आधारित व्यवसाय, नवप्रवर्तनकारी उद्यमशील क्षेत्र, दलित समुदायबाट सञ्चालित, महिलाद्वारा सञ्चालित, अपांगता भएकाहरुबाट सञ्चालित उद्योगको संरक्षण गर्नेसम्बन्धी कार्यक्रमलाई अघि बढाउनुपर्छ ।

यसै गरी, नवीनतम ज्ञान, सीप र क्षमतामा आधारित उद्यम सञ्चालन गर्ने, वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमै काम गर्ने, अदुवा, अलैंची, मह, जडीबुटी, चिया, कफीको सामूहिक खेती गर्ने कार्यक्रमलाई प्रवर्द्धन गर्नुपर्छ । नेपाली कागज र तिनका सामग्री निर्माण गर्ने, सुगन्धित तेल, दाल, सुन्तला र हरियो तरकारी निकासी गर्ने, चिया, कफी, सनपाट, तोरी, सूर्यमुखी, अलैंची, अदुवालगायतका नगदे बालीको खेतीबाट गरिबी निवारण गर्ने कार्यक्रम अघि सार्नुपर्छ । यसबाट स्थानीय तहको आर्थिक समृद्धिमा टेवा पुग्छ ।

स्थानीय तहहरुले जैतुन, लोठसल्ला, तेजपात, टिम्बुर र डालेचुकको व्यावसायिक खेती गर्ने, लप्सी, बोधिचित्त, रुद्राक्ष, अर्गेली, च्यूरी, चिराइतो, श्रीखण्ड र मेन्थाबाट लाभ लिने अनि वनको सृजनशील उपयोग गर्ने कार्यक्रम तर्जुमा गर्नुपर्छ । नेपालमा अनगिन्ती जडीबुटी पाइन्छ । यर्सागुम्बाबाट हाल पनि बर्सेनि करोडौं आम्दानी भइरहेको छ । यसै गरी, पाँचऔंले, चिराइतो लगायतका जडीबुटीको पनि विश्वबजारमा ठूलो माग छ । यसर्थ, पालिकाहरुले आमकिसानलाई जडीबुटी खेतीका लागि प्रोत्साहन गर्नुपर्छ ।

उच्च हिमाली क्षेत्रमा स्लटर हाउसको स्थापना गर्ने, सोहीक्षेत्रमा मौरीपालन गर्ने, देशेमरु झ्याःजस्ता काष्ठकला, पौवा र भोजपत्रको उत्पादन र निकासी गर्नुपर्छ । यस्तै नेपाली घण्टी, थैली, बाँसुरी, करुवा, अण्टी, नेपाली कागजका सामग्री, नक्कली सुनका गहनाको उत्पादन, निकासी गर्ने तथा चाँदी र तामाका भाँडाकुडा एवं नक्कली सुनका गहनाको विश्वबजारको माग पूर्ति गर्ने सृजनशील कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहले आर्थिक समृद्धि भित्र्याउन सक्छन् । हाल विश्वका क्युरियो सपमा नेपाली सामानको राम्रो माग छ । नेपाली हातेतानले बुनेको गलैंचा, पश्मिना, नेपाली खुकुरी, नेपाली करुवालगायतका सामान विश्वबजारमा बेच्न सकिन्छ । यसबाट प्रत्येक नेपालीको आयस्तर पनि वृद्धि हुनेछ । यसरी स्टार्टअप अभियानद्वारा मुलुकमा आर्थिक समृद्धि भित्र्याउन सकिने हुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# शैक्षिक रूपान्तरणको सवालः निजी फक्रँदै, सामुदायिक खुम्चँदै !



✍ ठाकुरप्रसाद बस्ताकोटी

> निजी विद्यालयहरू जुत्ता, मोजा, कापी, कलम, पोसाक बेच्ने व्यापारी समेत बनेको अवस्था छ । यसको अनुगमन र कारबाहीलाई देशव्यापी बनाउने हो भने यस्ता विद्यालय बजारलाई फलिफापै मात्रै भएको देखिन्छ ।

यतिखेर देशका हरेक क्षेत्रमा सुधारको आवश्यकतालाई हामीले जोड दिइरहेका छौं । शैक्षिक क्षेत्रमा सुधार नगरी आर्थिक र सामाजिक क्षेत्रमा सुधार सम्भव छैन । शैक्षिक रूपान्तरणविना विकास र समृद्धि सम्भव देखिँदैन । यद्यपि यसतर्फ हाम्रो ध्यान जान सकेको देखिँदैन । तीनै तहको सरकारले शैक्षिक सुधारको मार्गचित्र तय गर्दा वर्तमानका आवश्यकताको सूक्ष्म मूल्यांकन गर्नुपर्छ । विडम्बना, तीनै तहको सरकारले यसलाई प्राथमिकतामा पारेको पाइँदैन ।

### निजी फक्रँदै, सामुदायिक खुम्चँदै

शैक्षिक क्षेत्र व्यापारिक थलोजस्तो बनाइँदा सामुदायिक शिक्षा अपहेलित छ । गरिब र भुइँतहका नागरिकको अधिकार समानताको दृष्टिकोणबाट ज्यादै चिन्ताजनक छ भन्ने यसले देखाइरहेको छ । सार्वजनिक शिक्षालाई कमजोर बनाउँदा त्यसले देशलाई दीर्घकालसम्म असर पुऱ्याउँछ भन्ने हेक्का नराख्दा सामुदायिक र निजी शिक्षाबिचको खाडल झन् ठुलो हुँदै गइरहेको छ ।

निजी स्कुलले सार्वजनिक पद धारण गर्ने धेरैका छोराछोरीलाई निःशुल्क पढाइदिने मात्र होइन, राजनीतिक व्यक्तित्वको निर्वाचन खर्चको जोहो पनि गरिदिने गरेको अवस्थालाई सामान्य रूपमा लिन थालिएको अनुभव हुँदै आएको छ । दलहरूको चुनावी खर्च व्यवस्थापनमा निजी क्षेत्रको भूमिका बढेको अवस्थामा निजी विद्यालयका सञ्चालक समेत त्यसबाट अछुतो नरहेको आवाज उठ्दै आएका छन् । यो अवस्थाले राजनीतिक व्यक्तित्वलाई निजी विद्यालयप्रति प्रेम छ र सामुदायिक विद्यालय दुब्लाएकामा पीर छैन भन्ने देखाएको छ ।

तथ्यांक हेर्दा पनि विगतकै दशकमा १० लाखभन्दा बढी विद्यार्थी सामुदायिक विद्यालयमा घटिसकेको देखिन्छ । कतिपय सामुदायिक विद्यालय मर्ज हुने प्रक्रियामा छन् । गुणस्तरीय शिक्षाको सार्वजनिक बहस नै कमजोर भएको देखिन्छ । शिक्षक, जनप्रतिनिधि, कर्मचारी कसैले आफ्ना छोराछोरीलाई निजी विद्यालयमा नपढाउने हो भने सामुदायिक शिक्षामा कति सुधार आउला ?

निजी विद्यालयहरू जुत्ता, मोजा, कापी, कलम, पोसाक बेच्ने व्यापारी समेत बनेको अवस्था छ । यसको अनुगमन र कारबाहीलाई देशव्यापी बनाउने हो भने यस्ता विद्यालय बजारलाई फलिफापै मात्रै भएको देखिन्छ । यसप्रति नियामक निकाय मौन बस्नुले कानुनको शासन कमजोर रहेको देखाउँछ । बजार र राज्यको सहयोगमा निजी विद्यालयहरू फक्रिँदै र सामुदायिक शिक्षालयहरू खुम्चिँदै जाने अवस्थामा तत्काल सुधार आवश्यक छ । राजनीतिक नेतृत्व, जनप्रतिनिधि, कर्मचारी, शिक्षकले निजी विद्यालयमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पनि संलग्न हुन निषेध गर्नुपर्ने देखिन्छ । संविधानसँग शिक्षा क्षेत्रको लय मिलाउन पनि यस्तो प्रावधान आवश्यक छ ।

### शिक्षामा वर्गीय समानता

शिक्षामा तीनै तहको क्षेत्राधिकारलाई हाम्रो संविधानले आत्मसात् गरे पनि माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको जिम्मामा राखिएको छ । यही आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षाका २३ वटा अधिकार स्थानीय तहलाई सुम्पेको छ । यसकै आधारमा विद्यालय शिक्षाका काम, कर्तव्य तथा अधिकार सम्पूर्ण रूपमा स्थानीय तहमा प्रत्यायोजित भएको हवाला दिँदै विभिन्न स्थानीय तहले आ-आफ्नै किसिम र सुविधाअनुरूप आफ्ना अधिकार क्षेत्रको व्याख्या र प्रयोग गर्न थालेका छन् । यसको प्रभावस्वरूप कुनै स्थानीय सरकारले विधिसम्मत गठन भएका विद्यालय व्यवस्थापन समिति भंग गर्दै छन् भने कुनैले शिक्षकको व्यवस्थापन गर्दै छन् । कसैले निजी विद्यालयको स्वीकृति पनि आफूखुसी दिँदै छन् । केहीले आफू मातहतका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउने निर्णय पनि गरिरहेको पाइन्छ ।

संविधानले विद्यालय शिक्षालाई स्थानीय तहको मातहतमा मात्रै राखेको छैन, यस्तो शिक्षा निःशुल्क एवं अनिवार्य हुनुपर्ने घोषणा पनि गरेको छ, तर राज्यले विगत केही वर्षयता सार्वजनिक शिक्षामा गर्दै आएको लगानी निरन्तर घटाउँदै छ । कुनै समय कुल राष्ट्रिय बजेटको १७ प्रतिशतसम्म शिक्षामा लगानी गरेको राज्यले यो आर्थिक वर्षको बजेटमा करिब ११ प्रतिशत मात्र शिक्षाका लागि छुट्ट्याएको छ । दिगो विकास लक्ष्य प्राप्ति र युनेस्कोको मान्यता बमोजिम समेत २० प्रतिशतसम्म शिक्षामा लगानी हुनुपर्नेमा राज्यले अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता गरे विपरीत कम बजेट लगानी गर्दै आएको देखिन्छ ।

सांस्कृतिक तथा भौगोलिक विविधताले भरिएको हाम्रोजस्तो देशमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म शिक्षण प्रक्रिया एकै प्रकारको छ भने लगानी पनि यसैअनुरूप हुँदै आएको छ । हाम्रो वर्तमान शैक्षिक प्रणालीमा स्थानीयता र व्यावहारिक शिक्षाको अभाव छ । लगानीकै समयदेखि नै यसको विविधतामा ध्यान दिन सकिएको छैन । उदारीकरणको प्रभावसँगै शिक्षामा देखिएको वर्गीय विभेद कम गर्न समेत शिक्षामा लगानी बढाउनुपर्ने हो । शिक्षामा आम जनताको सहज पहुँचको अभिवृद्धिका लागि लगानी बढाउने वातावरण तयार गर्न सकिएको छैन । वैज्ञानिक शिक्षाको आवश्यकता पूरा गर्न शिक्षामा समेत संघीयताको अनुभूति दिलाउने गरी लगानी बढाउनुपर्नेछ ।

### स्थानीय अभ्यासमा सुधार

संविधानको धारा २२६ उपधारा (१) ले गाउँ वा नगरसभाले प्रदेश कानुनबमोजिम अनुसूची ९ मा रहेका विषयसँग सम्बन्धित कानुन बनाउन सक्ने व्यवस्था गरेको छ । व्यवहारमा भने स्थानीय तहले संघको निर्देशन र नियन्त्रणविना स्वायत्त ढंगले काम गर्न नपाएको अवस्था देखिँदै आएको छ । प्रदेश र स्थानीय तहलाई स्रोत संघकै चाहिने तर निर्देशन भने नमान्ने भन्ने खालका तर्क समेत गरिँदै आएको पाइन्छ । प्रदेश र स्थानीय तहमा उत्पादनमुखी स्रोत प्रवर्द्धन नहुँदा संघकै स्रोतमा निर्भर हुने अवस्था छ, यसलाई कम गर्न नसकिए पनि संघीयताको सिद्धान्त विपरीत तिनको स्वायत्ततालाई कमजोर बनाउने काम भइरहेको छ ।

विद्यालय खोल्ने र बन्द गर्ने विषयमा होस् वा शिक्षकको सरुवा वा दरबन्दी मिलान अथवा विद्यालय स्थापनाकै विषयमै किन नहोस्, स्थानीय तहहरूले स्वतन्त्र ढंगले काम गर्न सकिरहेका छैनन् । प्रशासनिक संघीयता कार्यान्वयनको जटिलता र कर्मचारीतन्त्रको व्यवस्थापन गर्ने पद्धतिमा भएका कमजोरीले अहिले पनि कैयौं स्थानीय तहमा दरबन्दी र पदअनुसार कर्मचारीको अभाव छ । दरबन्दी अनुसारका शिक्षकको अभाव छ । स्थानीय तहमा भएका धेरै असमझदारीका विषय शिक्षकसँग सम्बन्धित छन् । विद्यालयको अधिकार स्थानीयलाई दिएकामा शिक्षकहरू नै चिन्तित भएको अवस्था छ ।


### निष्कर्ष

शिक्षा सुधारमा राजनीतिक स्वार्थ र नाफाघाटाले प्रभाव पारेको तथ्यलाई कम गर्न सकिएको छैन । सडक, बत्ती, पानीजस्ता भौतिक पूर्वाधारको विकासप्रति जनप्रतिनिधिहरुको बढी चासो देखिन्छ । यसो हुँदा शिक्षामा गरिएका प्रयास पनि भवन, शौचालय, खेलकुद, सीसीटीभी, विद्युतीय हाजिरी, कम्प्युटरजस्ता देखिने काममा बढी र कक्षाकोठाको शिक्षण सिकाइ सुधार्ने पक्षमा कम छन्। केही स्थानीय तहमा पाठ्यक्रम बनाउने र पाठ्यपुस्तक लेख्ने काम परामर्शदाता संस्थाहरूलाई जिम्मा लगाउने ठेकेदारी प्रथा समेत देखिनुले राम्रो सन्देश दिएको छैन । स्थानीयस्तरमै शिक्षकबाटै यस्तो काम गराउनु सान्दर्भिक हुन्छ ।

शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी संघीय तथा प्रादेशिक कानुन पर्याप्त त छैनन् नै, शिक्षा मन्त्रालयले यस्ता कानुनको व्यवस्थित तयारी समेत गरेको देखिँदैन । स्थानीय तहमा शिक्षा सञ्चालनसम्बन्धी जे-जस्ता नियम बनिरहेका छन्, त्यसमा पनि शिक्षा मन्त्रालयको नेतृत्वदायी भूमिका र क्षमता दुवै हुनुपर्नेछ । यसरी संघीयतामा विद्यालयदेखि विश्वविद्यालय तहसम्मै सरोकारवालाबिच प्रशस्त सहकार्य गरी शैक्षिक सुधारलाई देशको समग्र रूपान्तरणको केन्द्र बनाउन आवश्यक देखिन्छ ।

*(साभार: रातोपाटी)*

# क्यान्सरका बिरामीलाई होम केयर सेवा कसरी दिने ?



क्यान्सर दीर्घकालीन रोग हो । शरीरमा लाग्ने अन्य रोगभन्दा क्यान्सर प्राणघातक रोग मानिन्छ । क्यान्सरको समयमा उपचार नभएमा बिरामीको ज्यान नै जान सक्छ । यो रोगले बिरामी शारीरिक दुर्बलता, मानसिक विक्षिप्तता र तनावमा बाँच्न विवश हुन्छ ।

क्यान्सर पीडितका भावनाहरु सूक्ष्म रुपमा संवेदनशील हुँदै जान्छन् । यो अवस्थामा उपचार मात्र होइन क्यान्सर लागेकालाई निरन्तर परिवारको सहयोग र भावनात्मक साथको पनि खाँचो पर्छ ।

उनीहरु यसै पनि शारीरिक रूपमा दुर्बल र कमजोर हुन्छन् । यतिसम्म कि रोगको अन्तिम चरणमा ओछ्यानमा कोल्टे पल्टिन पनि सक्दैनन् । बिस्तारै शरीर गल्दै जान्छ । एक त भोक लाग्दैन अर्को लागे पनि खाना खान र पचाउन सक्दैनन् । बिस्तारै तौल घट्छ । अन्तिम अवस्थासम्म पुग्दा शरीरमा हाड र त्यसलाई ढाकेको सुकेको छाला बाहेक केही रहँदैन ।

यतिमै सीमित छैन, क्यान्सर रोगको व्यथा । क्यान्सर रोगको निदानदेखि बिरामीको मृत्युवरण नभएसम्म सयौं पटक दर्दनाक प्रक्रियाबाट गुज्रिनुपर्छ ।

एक पटक रगत झिक्दा पनि रगत झिकेको भागमा दुख्छ । तर क्यान्सर भएकालाई एक पटक मात्र होइन, कैयौं पटक रगत झिकिन्छ । आईभी क्यानुला लगाउन मात्र सातदेखि आठ पटक घोचिन्छ । रोग पत्ता लगाउन कैयौं पटक छाला छिर्नुपर्छ । ट्युमर क्यान्सर चिरेर फाल्न जटिल शल्यक्रिया धेरै भइसकेका हुन्छन् ।

क्यान्सर यस्तो रोग हो, जो बिरामीले सुरुकै दिनबाट अबका दिनहरु दर्दनाक र बाँच्नका लागि संघर्षपूर्ण हुन्छ भन्ने थाहा पाउँछन् । मृत्युसँग लड्न चाहेर वा नचाहेर पनि उनीहरु तयार हुनैपर्छ ।

### क्यान्सर लागेपछि अस्पतालको चक्कर

क्यान्सर भएको थाहा भएपछि उपचार नगराई सुख छैन । कसरी क्यान्सरलाई विफल बनाउने, कस्तो उपचार गर्ने ? कहाँ गर्ने ? यसकै दौडधुप सुरु हुन्छ । नेपालमा क्यान्सरका सीमित अस्पताल छन् । अस्पताल धाएर पुग्यो तर उपचार गराउन समय पाउन कठिन भएको अवस्थाबाट कतिपय बिरामी गुज्रिन्छन् ।

यस्तोमा कतिपय छिमेकी, आफन्तले देश बाहिर लग्ने सुझाव दिन्छन् । सबैले आफूले जाने, सुने र बुझेका अनुसार सल्लाह र सहयोग दिन्छन् । उपचार सुरु भएपछि समय र खर्चको खाका लम्बिँदै जान्छ । हजारौंबाट सुरु भई लाखौं खर्च हुन्छ ।

प्रत्येकपटक अस्पतालभित्र पाइला टेक्दा थोरैथोरै गर्दै परिवार बिस्तारै आर्थिक रुपमा टाट पल्टिँदै जान्छन् । परिवार पनि वाक्कदिक्क भएर थाकिसक्छन् । तर यो भावना बिरामी अगाडि देखाउन सक्दैनन् । यस्तोमा क्यान्सरका बिरामीलाई घरमै हेरचाह गर्ने व्यवस्था 'होम केयर' पनि नेपालमा छ ।

### कस्तो अवस्थामा आवश्यक होम केयर ?

क्यान्सरका बिरामी र परिवार अस्पताल जान सम्भव नहुन सक्छ । अस्पताल लगेर पनि बिरामी भर्ना गरेर केही बिरामीको स्वास्थ्य सुधार हुँदैन भने यो सेवा प्रभावकारी हुन्छ । यदि अस्पतालको खर्च धान्ने अवस्था नहुँदा, हेरचाह गर्ने व्यक्ति नहुँदा र उपचारले पनि सुधार हुन नसक्ने अवस्थामा बिरामीले होम केयर चाहन्छन् । होम केयर सेवा तीन खालका हुन्छन् ।

### होम हेल्थ केयर

दक्ष लाइसेन्स भएको चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले घरमा आएर औषधि उपचार गरिन्छ । जसमा रगतको नमुना संकलन, आवश्यक सल्लाह र सहायता समावेश हुन्छ ।

### पर्सनल केयर

यस अन्तर्गत तालिमप्राप्त सहयोगीले बिरामीको दैनिकी कार्यमा मद्दत गर्छन् । जस्तो कि समयमा औषधि खुवाउने, लुगा फेरिदिने, नुहाइदिने, घाउ सफाइ गरिदिने, ओछ्यानमा सुताउने, उठ्न, बस्न, हिंडन मद्दत गर्ने, बेड मिलाइदिने र खाना खुवाउने काम पर्छन् ।

### होस्पाइस केयर :

बिरामीको न्यूनतम दैनिक आवश्यकता पूरा गर्ने, खान सक्ने जति खान खान दिने, बिरामीलाई ओछ्यानमा कोल्टे फेर्न मद्दत गर्ने, बिरामीको दिसा-पिसाबको व्यवस्था गरिदिने हुन्छ ।

### फाइदा

- अस्पतालमा अनिवार्य जान र भर्ना हुनु नपर्ने
- पारिवारिक वातावरणमा न्यूनतम उपचार पाउने
- आफ्नै घरभित्र सुरक्षित महसुस गर्ने
- बिरामी डिप्रेसनमा नजाने
- आर्थिक खर्च न्यून हुने
- अस्पतालको कोलाहलको वातावरण झेल्नु नपर्ने
- परिवारका सदस्यले आफ्नो दैनिक रोजगार वा जागिर जान पाउने
- परिवारका सदस्यले स्वास्थ्य सम्बन्धी नयाँ सीप र ज्ञान सिक्न पाउने
- बिरामी र परिवारका सदस्यको मनोबल बढ्ने
- बिरामी र कुरुवाको यातायात खर्च बच्ने ।

तर यो भन्दा प्रभावकारी उपचारका लागि भने अस्पतालको उपचार नै सर्वमान्य हुन्छ ।

### बेफाइदा पनि

- बिरामी अस्पतालको विशेष सुविधाबाट वञ्चित हुने
- विशेष रगत परीक्षण, एक्स-रे, अल्ट्रासाउण्ड, इको जस्ता सेवा घरमा गर्न नमिल्ने
- आकस्मिक सेवा घरभित्र दिन सम्भव नहुने

होम केयर सर्भिस लिने कि नलिने भन्ने निर्णय नितान्त बिरामी र परिवारका सदस्यको हुन्छ । बिरामीको अवस्था, समय र परिस्थिति जे भए पनि सेवा लिने र स्वास्थ्य सेवा दिने दुवैले आफ्नो समझदारी र यकिन साथ कार्य गर्नुपर्छ । कुनै पनि पक्षले आफ्नो धर्म छाड्नु हुँदैन ।

*(स्रोत: अनलाइनखबर)*

# म आफैंलाई चुनौती दिने क्यारेक्टर गर्न रुचाउँछु : धीरज मगर



काठमाडौं/२०७५ सालमा आएको फिल्म 'इन्टु मिन्टु लण्डनमा'बाट अभिनेता धीरज मगरको उदय भएको थियो । यसले उनको छवि नै 'लभर ब्वाई'को रुपमा बनायो । यसपछिका फिल्ममा पनि उनी रोमान्टिक भूमिकामै देखिए, तर त्यसमा विविधता देखिन्थ्यो । दोस्रो फिल्म 'बाबरी'मा लुक्सदेखि बोल्ने शैलीसम्म फरक थियो । 'ज्याकी'मा डान्सर बनेका थिए । र, 'एक भगवत् गीता'मा मगर चरित्र निभाए ।

अब उनको पाँचौं फिल्म 'खुस्मा' आगामी असोज ३ गते (संविधान दिवस)बाट प्रदर्शन हुँदैछ । यसमा उनले गाउँले चरित्र निभाएका छन्, जसले द्वन्द्वकालीन जीवन बाँचेको छ । नेपाली फिल्ममा कलाकारहरुलाई 'टाइपकास्ट' (सधैं उस्तै खालको भूमिका) गराउने चलन भए पनि आफूले दोस्रो फिल्म (बाबरी)बाट नै फरक-फरक चरित्रमा काम गर्नेअवसर पाइरहेकोमा उनी गर्व महसुस गर्छन् ।

एक भेटमा उनले भने, 'पहिलो फिल्ममा मेरो सहरीया क्यारेक्टर थियो । तर, दोस्रो फिल्मबाट नै मैले त्यसलाई ब्रेक गरें । नेपालमा 'टाइपकास्ट' गर्ने चलन छ । कति कलाकारहरु मेरो 'कम्फर्ट जोन' यही हो र यसैमा जान्छु भन्ने पनि सोच्नुहुन्छ । तर, मैले पहिलो फिल्मभन्दा दोस्रो फिल्ममा फरक चरित्र निभाएको थिएँ । मेरो प्रयास हरेक फिल्ममा फरक लुक्स र चरित्रमा काम गरुँ भन्ने हुन्छ ।'

धीरज हरेक फिल्ममा आफूलाई चुनौती दिन सक्ने चरित्र होस् भन्न चाहन्छन् । 'मैले आफ्नो 'कम्फर्ट जोन'मा बसेर जे सुहाउँछ त्यही गर्छु भनेको भए 'इन्टु मिन्टु लण्डनमा'पछि त्यस्तै क्यारेक्टर गरेर बस्थें होला । तर, म आफैंलाई चुनौती दिने खालको क्यारेक्टर गर्न रुचाउँछु,' उनले भने । 'खुस्मा'मा पनि आफ्नो फरक चरित्र रहेको र त्यसमा काम गर्न एकदमै चुनौती भएको धीरज स्मरण गर्छन् ।

'मेरो साधारण क्यारेक्टर छ, जो मैकोट गाउँमा हुर्किएको हो । २५ वर्ष अगाडिको कथामा 'खुस्मा' बनेकाले चरित्रमा काम गर्न चाहिँ गाह्रो भएको थियो,' उनी सम्झन्छन्, 'त्यो समयको हुकाई र भोगाई हामीमा छैन । त्यसैले वर्कसपमा हामीले द्वन्द्वकालको समय बुझ्न कति डकुमेन्ट्रीहरु हेर्‍यौं । इतिहासका किताबहरु पनि पढियो । त्यो क्यारेक्टरमा छिर्न एकदमै मिहिनेत र तयारी गर्नुपरेको थियो ।'

उनी 'खुस्मा'लाई शुद्ध र 'इनोसेन्ट' लभस्टोरी भन्न रुचाउँछन् । 'शहरमा यो किसिमको लभ नहोला तर गाउँमा त्यो पनि द्वन्द्वकालको समयमा दुईजना (प्रेम जोडी)ले कस्तो समस्या झेल्नुपरेको थियो भन्ने कुरा फिल्ममा छ । माया भन्ने कुरा कति शक्तिशाली हुने रहेछ भन्ने फिल्मले देखाउँछ । यसमा शुद्ध र 'इनोसेन्ट' लभस्टोरी छ,' उनले भने । धीरज फिल्मलाई लिएर एकदमै उत्साहित देखिन्छन् ।

# सलोनले 'रंगी' बनाउने, सुरेशले निर्देशनमा डेब्यु गर्दै




काठमाडौं/बाल्यकालदेखि नै अभिनयमा सक्रिय अभिनेता सलोन बस्नेतले पछिल्लो समय फिल्म निर्माणमा पनि आफ्नो उपस्थिति बढाइरहेका छन् । गत वर्ष 'जय हो' बनाएका उनी यसै वर्ष फिल्म 'यूनिभर्सिटी अफ गुन्डाज' निर्माणको तयारीमा छन् । तर, यो फिल्मभन्दा अगाडि उनले 'रंगी' शीर्षकमा अर्को फिल्म बनाउने भएका छन् । आइतबार थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको घोषणा गरियो ।

साइकलमा बसेकी एक बालिकासँग खेल्दै गरेका एक पुरुषलाई पोस्टरमा चित्रित गरिएको छ । उनीहरू बाबु-छोरी रहेको लगाउन गर्न सकिन्छ । पृष्ठभूमिमा सूर्यास्त हुँदै गरेको देखिन्छ । यो फिल्मले बाबु-छोरीको भावनात्मक सम्बन्धको कथालाई उठाउन लागेको पोस्टरले बुझाउँछ । सक्षम सुवेदी निर्माता रहेको 'रंगी'को प्रस्तुतकर्ता सलोन बस्नेत हुन् । सौरभ लामाले फिल्म छायांकन गर्नेछन् ।

सुरेश न्यौपानेको निर्देशनमा फिल्म बन्न लागेको हो । यो उनको पहिलो निर्देशकीय फिल्म हुनेछ । उनीसँग 'छक्का पञ्जा', 'यात्रा', 'ए मेरो हजुर २', 'म यस्तो गीत गाउँछु २', 'कृ' लगायतका फिल्ममा मुख्य सहायक निर्देशक भएर काम गरेको अनुभव छ । आगामी असोज ११ गतेदेखि काठमाडौंबाट छायांकन सुरु हुन लागेको फिल्मका लागि केही दिनमा कलाकार फाइनल हुने जनाइएको छ ।

# सेयर बजारमा तोडियो २७ सयको 'सपोर्ट'



काठमाडौं/साउन अन्तिम दिन ३ हजार अंक पुगेको सेयर बजारमा लगानीकर्ताले १० प्रतिशतसम्मको गिरावटलाई सामान्य 'करेक्सन' का रूपमा बुझ्दै आएका थिए । जसअनुसार २७०० अंकसम्म कतिपय कारोबारी तथा लगानीकर्ता होल्डिङमै रहे ।

तर, सोमबार बजारले २७०० को सपोर्ट प्वाइन्ट तोडेर झरेको छ । बजार खुल्दा २७०० माथि टिकाइराख्न केही प्रयास देखिए पनि त्यो १० मिनेटभन्दा धेरै टिक्न सकेन । जसले गर्दा ११:११ बजे नै बजार २६९९ अंकमा झर्‍यो र त्यसपछि कुनै पनि समय सोभन्दा माथि जान सकेन । बजार ओरालो लाग्न थालेपछि लगानीकर्ता तथा कारोबारी थप घट्ने अनुमानमा रहे । २७०० अंक तोडिएपछि कतिपय 'स्टप लस' तिर लागे ।

यतिबेला 'पिभोट प्वाइन्ट' अनुसार बजारमा अबको सपोर्ट बिन्दु २५७० अंक देखिएको छ । 'बोलिंगर ब्यान्ड' अनुसार भने बजार तल्लो रेखामा झरेको छ । त्यस्तै 'आर एसआई' ४३.१३ मा छ ।

'यसअघि ३२०० बाट बजार १८ सयसम्म झर्दा पनि सेयर नबेचेर धेरै समय गुजार्नुपरेको पीडा धेरैमा ताजै छ, जसले गर्दा अहिले डराएर बेचेको अवस्था हो,' नेपाल धितोपत्र लगानीकर्ता संघ अध्यक्ष प्रकाश रजौरेले भने । यो गिरावटलाई आफूले भने सामान्य बुझेको उनी बताउँछन् ।

'आजभन्दा भोलि, भोलिभन्दा पर्सि पोर्टफोलियो घटिरहेको देख्दा पनि धेरै बेच्नतिर लागे,' उनले भने, 'तर, बजार कहाँसम्म झरेर माथि उक्लिन्छ, त्यो थाहा हुँदैन, यतिबेला किन्नेभन्दा बेच्नेलाई बढी जोखिम हुन्छ ।'

यो बेला रकम हुनेले 'एभरेजिङ' गर्दै प्रतिइकाइ लागत घटाउनतिर लाग्नुपर्ने र रकम नहुनेले केही महिना 'होल्ड' गर्नुपर्ने उनको सुझाव छ । अर्कातर्फ, ठूला खरिदकर्ता पनि बढेर किन्न तयार देखिएका छैनन् ।

बजार घट्न थालेपछि खरिदकर्ता आक्रामक देखिएका छैनन् । तर, बिक्रेताले भने अझै घट्ने डरले खरिदकर्ताकै मूल्यमा सेयर बेच्दै गएका छन्, यसले समग्र बजार घटाइरहेको छ । यसअघि एकैदिन ३० अर्बसम्म पुगेको कारोबार रकम अहिले १० अर्बमुनि खुम्चिन थालेको छ । सोमबार जम्मा ९ अर्ब ४३ करोडको कारोबार भयो । बजारमा अहिले खरिदकर्ता थप गिरावटलाई पर्खेर बसेका छन् ।

दसैं-तिहारसम्म नै बजार नबढ्ने अनुमान एकथरी लगानीकर्ताको छ । खासगरी भदौपछि कात्तिक-मंसिरसम्मको अवधिलाई धेरैले बजार घट्ने 'सिजन' का रूपमा पनि बुझेका छन् । विगतमा बेला बेला यस्तो अवस्था देखिँदै आएको छ । २ भदौ २०७८ मा ३१९८ अंकको उच्चतम रेकर्ड बनेपछि बजार निरन्तर घट्दै १८ सय नजिकसम्म झर्‍यो ।

तीन वर्षपछि अहिले यो रेकर्ड तोडिन सक्ने केहीको अनुमान थियो । तर, बजार ३ हजार अंकबाट तल झरेको छ । अहिले गिरावट 'बियरिस' नभई करेक्सन मात्रै भएकाले त्यस्तो नहुने रजौरे दाबी गर्छन् । 'बजार छोटो समयमै २ हजारबाट ३ हजार पुगेको पनि त हो, तर अहिले ३-४ सय अंक घट्दैमा आत्तिनेले गुमाउने मात्रै हो,' उनले भने ।

बजार बढ्दा जसरी एकोहोरो बढिरह्यो, अहिले घट्दा पनि त्यही प्रवृत्ति देखिएको छ । बजार २ हजारबाट १५ दिनभित्रै ३ हजार अंकसम्म पुग्दा खास करेक्सन नै देखिएको थिएन । त्यतिबेला लगानीकर्ताले करेक्सन चाहँदा पनि पाएनन्, तर यतिबेला भने करेक्सन ठूलो देखिँदा कतिपय आत्तिएका छन् ।

नेपाल इन्भेस्टर्स फोरम अध्यक्ष तुलसीराम ढकाल बजारको उतारचढाव नै सुन्दर पक्ष रहेकाले यसलाई सामान्य बुझ्नुपर्ने बताउँछन् । 'बजारले करेक्सन लिँदै बढ्ने हो, लगातार बढिरहँदैन र घटिरहँदैन पनि, यसैलाई मनन गर्नेले गुमाउनुपर्दैन,' उनले भने ।

### 'लो क्याप' कम्पनीमा फेरि आकर्षण

बजार घट्दै जाँदा 'लो क्याप' कम्पनीमा फेरि आकर्षण देखिएको छ । बजार बढ्दा यिनै लो क्याप कम्पनीको मूल्य उच्च दरमा बढ्ने भएकाले यस्ता कम्पनीमा अहिलेदेखि नै लगानीकर्ताले खरिद गर्दै गएको देखिन्छ ।

सोमबार बजारमा मूल्य बढेका कम्पनीले नै यसलाई पुष्टि गर्छ । यस दिन हाथवे इन्भेस्टमेन्ट कम्पनीको मूल्य सबैभन्दा धेरै ८.९ प्रतिशत बढ्यो । यस कम्पनीको पब्लिक सेयर जम्मा ३२ लाख १७ हजार ५ सय कित्ता मात्रै हो । सोमबार अरू यस्तै लो क्याप कम्पनीहरू नेपाल वेयरहाउजिङको मूल्य ७.५ प्रतिशत बढ्यो । जसको १३ लाख ७५ हजार कित्ता सेयर पब्लिकमा जारी भएको छ ।

इमर्जिङ नेपालको ६.२, सीईडीबी हाइड्रोपावर ६.२ र स्वरोजगार लघुवित्तको ५.८ प्रतिशत मूल्य बढ्यो । मानुसी लघुवित्त, नेपाल रिपब्लिक मिडिया, एक्सल डेभलपमेन्ट बैंकजस्ता कम्पनीको मूल्य पनि बढ्यो ।

*(स्रोत: अनलाइनखबर)*

# पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले दिए राजीनामा

काठमाडौं/नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले पदबाट राजीनामा दिएका छन् । पोखरेलले वरिष्ठ उपाध्यक्ष रमेश विष्टलाई राजीनामा बुझाएका हुन् । 'वरिष्ठ उपाध्यक्ष समक्ष राजीनामा पत्र बुझाउनु भएको छ।' महासंघका एक पदाधिकारीले बताए ।

महासंघको निर्वाचन दुई पटक तोकिएपनि हुन सकेको छैन । निर्वाचन हुन नसक्नुका कारणहरुमा पोखरेलले पुन: कार्यतालिका ल्याउन नसक्नु, सदस्यता विवादका लागि बसेको बैठकबाट केही पदाधिकारी बाहिरिनु, केही पदाधिकारीले उपस्थितिमा हस्ताक्षर नगर्नु लगायत औंल्याएका छन् ।

'सिंगो बैठकले सदस्यताको सूचिप्रति अपनत्व जनाउन आनाकानी गर्नुले अब हुने निर्वाचनप्रति पनि सर्व स्वीकार्यता हुने महसुस गरेन,' पोखरेलले लेखेको राजीनामा पत्रमा भनिएको छ ।

सदस्यताको सूचीप्रति एकपक्षले देखाएको व्यवहारप्रति खिन्न भएको पोखरेलले बताएका छन् । 'यस्तो अवस्थाबाट ममा निर्मित मनोविज्ञान बोकेर यो निर्वाचनलाई सम्पन्न गर्न म समर्थ छैन,' पोखरेलले राजीनामा पत्रमा भनेका छन्,' यी सबै अवस्था आउनुमा मेरो कमजोरीलाई स्विकार गर्दै सबै कुराको नैतिक जिम्मावारी समेत बहन गर्दछु । मेरो मानसिक तनाव र शारिरीक स्वास्थ्य अवस्था समेत सहज रुपमा काम गर्न सक्ने अवस्थामा छैन ।'

# एन्फा महिला लिग : चन्द्रपुरको पोष्टमा एपिएफको ६ गोल

काठमाडौं/विभागीय टोली एपिएफले एन्फा महिला लिगमा सोमबार चन्द्रपुर नगरपालिकामथि ६-० को फराकिलो जित हात पारेको छ । सातदोबाटोस्थित एन्फा कम्पलेक्समा भएको खेलमा एपिएफको जितमा रेनसका नगरकोटीले २ गोल गर्दा सविता राना मगर, रश्मी घिसिङ, प्रीति राई र गीता रानाले समान १ गोल गरे ।

सविताले १८औं मिनेटमा गोल गर्दै एपिएफलाई अग्रता दिलाएकी थिइन् । रेनुकाले ३२औं र ३५औं मिनेटमा गोल गरेपछि एपिएफले पहिलो हाफमा ३-० को अग्रता लियो । दोस्रो हाफमा पनि एपिएफले ३ गोल नै गर्‍यो। एपिएफका लागि रश्मीले ५२, प्रीतिले ८४ र गीताले ८८ औं मिनेटमा गोल गरे । लिगमा एपिएफको यो लगातार दोस्रो जित हो ।

पहिलो खेलमा नेपाल पुलिस क्लबसँग गोलरहित बराबरी खेलेको एपिएफले दोस्रो खेलमा त्रिभुवन आर्मी फुटबल क्लबलाई २-१ ले पराजित गरेको थियो । दोस्रो जितपछि तीन खेलबाट ७ अंक जोडेर तेस्रो स्थानमा उक्लेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'स्त्री २' बन्यो दोस्रो धेरै कमाउने हिन्दी फिल्म

काठमाडौं/अमर कौशिक निर्देशित बलिउडको कमेडी-हरर फिल्म 'स्त्री २' ले सिद्धार्थ आनन्द निर्देशित जासूस-थ्रिलर फिल्म 'पठान'को कमाइलाई उछिन्दै दोस्रो धेरै कमाउने भारतीय फिल्म बनेको छ । बलिउड ट्र्याकर स्याननिल्कलाई उध्दृत गर्दै द हिन्दुस्तान टाइम्सले जनाएअनुसार एसएस राजामौलीको सन् २०१७ को ब्लकबस्टर फिल्म 'बाहुबली २' लाई उछिनेको एक दिनपछि 'स्त्री २' ले उक्त उपलब्धि हासिल गरेको हो ।

गत वर्ष प्रदर्शनमा आएको 'पठान'को शीर्ष भूमिकामा शाहरुख खानको शीर्ष भूमिका छ । पछिल्लो शनिबारसम्म भारतीय बक्स अफिसमा श्रद्धा कपुर स्टारर 'स्त्री २' ले ५१६.२५ करोड नेट भारु कमाएको छ । भारतको सर्वाधिक ग्रसर फिल्म बन्न 'स्त्री २' ले अब शाहरुख खानकै अर्को फिल्म 'जवान'को कमाइलाई उछिन्नुपर्नेछ । 'जवान'को कमाइ ५८२.३१ करोड भारु छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# क्याम्पामा भेट्रान्स फुटबल सुरु, चितवनसँग नागस्वती हार्‍यो

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/हेटौंडा उपमहानगरपालिका-५, स्थित पिप्लेक्याम्पा रंगशालामा सोमबार बाट तेस्रो रोटरी मकवानपुर पिप्ले-क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता सुरु भएको छ ।



उद्घाटन खेलमा चितवन भेट्रान्सले हेटौंडाका टोली नागस्वती भेट्रान्सलाई पराजित गरेर विजयी खाता खोलेको छ । नागस्वतीलाई चितवनले पेनाल्टी सुटआउनमा ४-२ गोलअन्तरले हराएको हो । निर्धारित समयमा १-१ गोलको बराबरी भएपछि खेल पेनाल्टी सुटआउटमा धकेलिएको थियो । प्रतियोगितामा चितवन भेट्रान्सको गोलकिपर राजु शाही म्यान अफ द म्याच घोषित भए ।

रोटरी क्लब अफ मकवानपुरको आयोजना, पिप्ले युवा क्लब सहआयोजक र रोटऱ्याक्ट क्लब अफ मकवानपुरको सहकार्यमा प्रतियोगिता सुरु भएको हो । रोटरी क्लव अफ मकवानपुरका अध्यक्ष अनिल अग्रवालको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । लामाले निर्णायकलाई बल हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गरिन् । खेलकुदको विकासमा सबै पक्षको सहभागिता आवश्यक रहेको उनले बताइन् ।

१५ टिमको सहभागिता रहेको प्रतियोगितामा ४० वर्षदेखि माथि उमेर समूहका खेलाडीले सहभागिता जनाउनेछन् । प्रतियोगितामा चितवन र नागस्वतीसहित हेटौंडा भेट्रान्स क्लव, आयोजकको रोटरी पिप्ले भेट्रान्स, सिमरा भेट्रान्स, नव जनजागृति भेट्रान्स सिमरा, वीरगञ्ज एकेडेमी भेट्रान्स, युनिटी भेट्रान्स वीरगञ्ज, निजगढ भेट्रान्स, हरिवन भेट्रान्स, पूर्वेली भेट्रान्स क्लव झापा, एसएन केसी काठमाडौं, फ्रिडम फाइटर काठमाडौं, अभिषेक चर्च नवलपरासी र पोखरा भेट्रान्सको सहभागिता रहेको छ ।

यसअघि २०७२ र ०७३ सालमा खेल आयोजना गरेको रोटरीले लामो समयपछि फेरि प्रतियोगितालाई निरन्तरता दिन लागेको हो । भदौ ३१ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले २ लाख २ हजार २२२ रुपैयाँ र उपविजेताले एकलाख १ हजार १११ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यसअघिको दुई संस्करणमा विजेतालाई १ लाख र उपविजेतालाई ७५ हजार पुरस्कार थियो ।

प्रतियोगिताको उत्कृष्ट प्रशिक्षकले १० हजार प्राप्त गर्नेछन् भने उत्कृष्ट खेलाडी, गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र फरवार्डले जनही नगद ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्ने रोटरी क्लव अफ मकवानपुरका अध्यक्ष अग्रवालले बताए । हेटौंडामा जलन प्राथमिक उपचार (आगोले पोलेकाहरुको तत्काल उपचार गर्ने) केन्द्र निर्माणका लागि राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता आयोजना गर्न लागिएको हो । रोटरी मकवानपुरका पूर्वअध्यक्ष कबिन सांगामीले अबको दुई महिनाभित्र अस्पतालसँगको समन्यमा उपचार केन्द्र सञ्चालन गरिने उद्देश्य राखिएको बताए ।

हेटौंडामा २०७२ र २०७३ मा क्रमश: प्रथम र दोस्रो राष्ट्रिय भेट्रान्स कप '८ ए' साइड फुटबल प्रतियोगिता आयोजना गरिएको थियो । दुवै संस्करण चितवन भेट्रान्स क्लबले जितेको थियो । विगतमा दुई संस्करण '८ ए' साइड प्रतियोगिता भएकोमा यसवर्ष '११ ए' साइड खेलाइने अध्यक्ष अग्रवालले जानकारी दिए ।

# राष्ट्रिय टोलीमा हेटौंडाका रिजनको पुनरागमन

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/नेपाल क्रिकेट संघ (क्यान) नेपालले आईसीसी विश्वकप लिग २ त्रिकोणात्मक सिरिज खेल्न क्यानडा भ्रमणलाई नयाँ टोली घोषणा गर्दा हेटौंडाका रिजन ढकालले पुनरागमन गरेका छन् ।

क्यानले सोमबार रोहित पौडेलको १६ सदस्य टोली घोषणा गरेको छ । टोलीमा तीब्रगतिका बलर रिजनले पुनरागमन गरेका हुन् । विकेटकिपर अर्जुन साउदले पनि पुनरागमन गरे । नेपालको टोलीमा रोहित पौडेल (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, अनिल शाह, भीम सार्की, आरिफ शेख, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, अर्जुन साउद, सोमपाल कामी, करण केसी, गुलशनकुमार झा, रिजन ढकाल, सन्दीप लामिछाने, ललित राजवंशी र देव खनाल परे ।

१६ सदस्य टोलीमा देव खनाल ट्राभल रिजर्भ खेलाडीमा छन् । टोलीमा अन्य भने खासै परिवर्तन छैन । लिग २ मा नेपालले पहिलो खेल सेप्टेम्बर १६ र २२ मा क्यानडासँग खेल्नेछ । नेपालले सेप्टेम्बर १८ र २४ मा ओमानसँग खेल्नेछ । लिग २ पछि नेपाल, ओमान र क्यानडाबीच त्रिकोणात्मक टी-२० आई सिरिज पनि हुनेछ । त्रिकोणात्मक टी-२० आई सिरिजमा नेपालले २८ सेप्टेम्बर र १ अक्टोबरमा क्यानडासँग खेल्नेछ । २९ सेप्टेम्बर र २ अक्टोबरमा ओमानसँग खेल्नेछ ।

त्यसपछि नेपाल लिग २ खेल्न नै अमेरिका जानेछ । अमेरिका, नेपाल र स्कटल्यान्डबीच त्रिकोणात्मक र टी-२० आई दुबै सिरिज हुनेछ । अमेरिकालाई फेरि टोली घोषणा गर्ने क्यानका प्रवक्ता छुम्बी लामाले बताएका छन् । ८ टोली सहभागी लिग २ आगामी २०२७ सम्म चल्नेछ । शीर्ष चार टोलीले सोझै विश्वकप छनोट खेल्न पाउनेछन् ।


सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुपमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhabahini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५


# वीपी जयन्तीमा विचार गोष्ठी र वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ कांग्रेसका संस्थापक एवम् नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाको १११ औं जन्मजयन्ती मकवानपुरमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

सोमबार वीपी विचार समाज मकवानपुरले वीपी जन्मजयन्तीको अवसर पारेर वृक्षरोपण तथा विचार गोष्ठीको आयोजना गरेको छ । वीपी विचार समाज मकवानपुरका अध्यक्ष विनोदचन्द्र कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य एवम् बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेको प्रमुख आतित्थ्यता रहेको थियो ।

मन्त्री काफ्लेले हेटौंडा उपमहानगरपालिका-११ सरस्वतीमा रहेको वीपी बाटिकामा रहेको वीपीको अर्धकदको शालिकमा माल्यार्पण गर्दै कार्यक्रमको सुरुवात गरेका थिए । कार्यक्रममा बोल्दै मन्त्री काफ्लेले नेपाली राजनीतिमा स्व कोइरालाको योगदान चिरस्मरणीय रहेको बताए । उनले वीपीको प्रेरणा र मार्गदर्शनकै कारण नेपालमा भएका हरेक परिवर्तनमा कांग्रेसले नेतृत्वदायी भूमिका खेल्न सकेको दावी गरे । मन्त्री काफ्लले वर्तमान अवस्थामा वीपीको विचार झनै सान्दर्भिक हुँदै गएको उल्लेख गर्दै उनको पदमार्गमा पूर्णत: हिड्न नसकेपनि पछ्याउन छोड्नु नहुने बताए । वीपीको विचारबाट च्युत भए कांग्रेसको अस्तित्व नै संकटमा पर्ने उनको चेतावनी थियो ।

'वीपीले ठुल्ठुला सपना देख्नुभएको थिएन, सामान्य नागरिकको जीवनयापनको शैलीमा परिवर्तन उहाँको सपना थियो । जनताले पनि हामीबाट ठुल्ठुला अपेक्षा राखे जस्तो मलाई लाग्दैन । सानै तर, सकरात्मक काम गर्न सक्यौं भने जनता खुशी हुन्छन्,' उनले भने । मन्त्री काफ्लेले प्रदेश सरकारले पनि जनअपेक्षा अनुसारकै काम गर्ने दावी गरे । कार्यक्रममा हेटौंडा उपमहानगर पालिका-१४ मा रहेको अनाथ अपाङ्ग बालपुनर्स्थापना केन्द्रको परिसरमा रहेको वीपी बाटिकामा १११ प्रकारका जडिबुटीको बिरुवा रोपण गरिएको छ ।

समाजका सचिव हरि प्रसाद पौडेलले सहजिकरण गरेको कार्यक्रममा कांग्रेस मकवानपुरका कार्यवाहक सभापति धर्मराज लामिछाने, सचिव इश्वर पाठक, सहसचिव इन्दिरा न्यौपाने, महासमिति सदस्य राधा कोइराला, नेपाल तरुण दलका जिल्ला अध्यक्ष लिलाराज सापकोटा (सन्तोष), नेपाल महिला संघ मकवानपुरकी सचिव निलम देवकोटा, कांग्रेस जिल्ला सदस्य तारा कार्की, घनश्याम नेपाल, जिपी फाउन्डेशनका जिल्ला संयोजक नारायण लम्साल, कृष्णप्रसाद भट्टराई स्मृति केन्द्रका अध्यक्ष विजेन्द्र अग्रवाल, समाजका सल्लाहाकार कृष्णप्रसाद दाहाललगायतको उपस्थिति रहेको समाजका उपाध्यक्ष प्रदीप कोइरालाले जानकारी दिए ।

# जनकल्याणको स्थापना दिवसमा आश्रमलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको जनकल्याण बचत तथा ऋृण सहकारी संस्थाले २९ स्थापना दिवसको अवसरमा हेटौंडा-२ मा रहेको ॐवृद्घाश्रममा रहेका वृद्घावृद्घालाई फलफूल तथा वृद्घाश्रमलाई सहयोग गरेको छ ।

वृद्घाश्रमले स्थापना गरेको अक्षयकोषको लागि १० हजार ५५५ रुपैयाँ र वृद्घवृद्घाको लागि फलफूल वितरण गरिएको हो । सहकारी संस्थाका अध्यक्ष बासुदेव अधिकारीको प्रमुख आतिथ्यता एवम् हिमाल पौडेलको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा वृद्घाश्रमका निवर्तमान अध्यक्ष बुद्धिप्रसाद पौडेल, सहकारी संस्थाका निवर्तमान अध्यक्ष रघुप्रसाद आचार्य, पूर्वउपाध्यक्ष खिलप्रसाद गौतम, नारायणप्रसाद अधिकारी, सचिव रामबहादुर न्यौपाने, सल्लाहकार बद्रीबहादुर पाठक, गणेशकुमार श्रेष्ठ, सञ्चालक समिति, लेखासमिति, सञ्चारकर्मी, कर्मचारी, शेयरसदस्य लगायतको सहभागिता थियो । २०५३ भदौ २४ गते स्थापना भएको सहकारी संस्थामा करिव ३ हजार शेयरसदस्य छन् ।


मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
Madan Bhandari Academy of Health Sciences
(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७३ अन्तर्गत स्थापित)
हेटौंडा अस्पताल संचालन तथा व्यवस्थापन समिति २०७७

सूचना ! सूचना ! सूचना !

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आइतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

**देहाय**

१. E.H.S. ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S. ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजेदेखि ६:०० बजेसम्म
३. E.H.S. ओ.पि.डी. मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसुतिरोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नसा तथा हार्डजोर्नी रोग ओ.पि.डी.
- अन्य
  - भिडियो X-ray सेवा
  - प्याथोलोजी सेवा

३. E.H.S. ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन

**पुनश्च:** सार्वजनिक बिदाको दिनहरुमा E.H.S. ओ.पि.डी. सेवा संचालन हुने छैन ।


# हेटौंडा अस्पताललाई प्रतिष्ठान मातहत राख्न नमिने जिकिर

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/२०१६ सालमा तत्कालीन समयमा केन्द्रीय सरकारको प्रत्यक्ष लगानीमा स्थापाना र सञ्चालन गरिएको सरकारी हेटौंडा अस्पताल रहनुबाहेक संविधान र कानुनविपरीत, संघीय सरकार वा प्रदेश सरकार अन्तर्गतबाहेक कुनै बहाना, छलछाममा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत, स्वामित्व, सञ्चालन, व्यवस्थापनमा राख्न/रहन नमिल्ने जिकिर गरिएको छ ।




नेपाल सरकारको सरकारी स्वास्थ्य सेवा प्रदान गर्ने हेटौंडा अस्पताललगायत वागमती प्रदेशभरका सरकारी अस्पताललाई प्रतिष्ठान मातहत हुने, प्रतिष्ठानले सञ्चालन गर्ने गरी कुनै पनि प्रदेश ऐन, कानुन, नियम, नियमावली बनाउने, प्रतिष्ठानले सरकारी सम्पत्ति प्रत्यक्ष, अप्रत्यक्ष वा जुनसुकै तवरले प्रतिष्ठानको बनाउने र सञ्चालन गर्ने अधिकार नेपालको संविधान र कुनै संघीय कानुनले प्रदान नगरेको भन्दै उत्प्रेषणयुक्त, परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आज्ञा/आदेश वा पुर्जी जारी गरी नेपालको संविधान तथा संघीय कानुनसँग बाझिएको प्रदेश कानुन अमान्य वा बदर घोषित गरिपाउन माग गरिएको हो ।

हेटौंडा-१, स्वर्गद्वारी मन्दिरचोक बस्ने वर्ष ५२ का अधिवक्ता केशबप्रसाद गौतमले सर्वोच्च अदालतमा रिट निवेदन दिएका हुन् । रिटमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत १३ लाई विपक्षी बनाइएको छ । नेपालको संविधान र संघीय कानुनविपरीतका ऐन, नियम र निर्देशिका बनाइ पूर्ण सरकारी स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालको अस्तित्व समाप्त गर्ने, हेटौंडा अस्पतालको सरकारी सम्पत्ति अनाधिकार प्रतिष्ठानको बनाउने, सरकारी सम्पत्ति कब्जा, बिक्री/व्यवहार गर्ने, कुनै संघसंस्था व्यक्तिलाई भाडा, लिज, ठेक्का दिनसक्ने, हेटौंडा अस्पतालको आर्थिक, प्रशासनिक, दैनिक कार्यमा हस्तक्षेप गरी जबर्जस्ती प्रतिष्ठान मातहतमा ल्याउने, अस्पतालको बैंक खाता सञ्चालनमा रोक लगाउने, अस्पतालको आर्थिक खाताको रकम प्रतिष्ठानको खातामा जम्मा गर्न निर्देशन गर्ने, सरकारी अस्पतालको आर्थिक, सरकारी रकममा हस्तक्षेप गर्ने, व्यवस्थापन, सञ्चालन, आर्थिक र प्रशासनिकरुपमा प्रत्यक्ष हस्तक्षेप, अस्पतालको स्वास्थ्यसम्बन्धि काम र नेपाल सरकार, प्रदेश सरकार मातहत अस्पतालका सरकारी स्वास्थ्यकर्मी, कर्मचारीलाई स्वतन्त्ररुपमा सेवाप्रवाह गर्न गैरकानुनी हस्तक्षेप गरिएको उनको दाबी छ ।

गैरसंवैधानिक र संघीय कानुनविपरीतका सम्पूणर् काम तत्काल रोक्नुपर्ने र सरकारी अस्पताललाई स्वास्थयसम्बन्धि सेवासुबिधामा अवरोध/हस्तक्षेप हुने गरी वागमती प्रदेशसभाले बनाएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को दफा १५ को उपदफा (२), (३), (४), दफा ३६ को उपदफा (१), (२), (३), दफा ४७ को उपदफा (१), दफा ४७ को उपदफा (१), (२), (३), (४) समेत कानुनी प्रावधान नेपालको संविधानको कानुनी व्यवस्थाविपरीत भएकाले अमान्य वा बदर घोषित गर्नुपर्ने उनको माग छ ।

नेपालको संविधान, संघीय कानुनसँग बाझिने गरी भएका विभिन्न निणर्य, ऐनअन्तर्गत् बनेका नियमावली, विनियममा भएका प्रावधान, आदेश, निर्देशन, पत्राचार कार्यान्वयन हुन नपाउने गरी उत्प्रेषण आदेशले बदर गरी केन्द्रीय सरकारबाट संघीय कानुनबमोजिम स्थापना, सञ्चालन भएको सरकारी अस्पताललाई साबिकदेखिको नियमित प्रदान गर्दै आएका सेवा, कामलाई प्रतिष्ठानसमेतबाट कुनै पनि हस्तक्षेप गर्न नपाउने, अस्पताल र विपक्षी प्रतिष्ठानलाई छुट्टै सञ्चालन गर्ने गरी सुबिधा सन्तुलनका दृष्टिले अन्तरिम आदेशसहित उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउन भनिएको छ ।

यस विषयमा सोमबार हेटौंडामा छलफल गरिएको छ । 'हेटौंडा अस्पताल बचाऊ अभियान' हेटौंडा अस्पताललाई मदन भण्डारी प्रतिष्ठानमा गाभेर अस्पतालको अस्तित्व मास्न खोज्नेहरुलाई होसियार रहन चेतावनी दिइएको छ । ककहामी प्रतिष्ठानविरोधी होइनौं, प्रतिष्ठान आफ्नै पहिचानसहित स्थापित होस् भन्ने कामना गर्दछौं, उनीहरुले भने-अस्पताल राजनीतिरहित सेवामूलक बनोस् ।


सुशासन प्रवर्द्धन गरौं

☞ कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
☞ भ्रष्टाचार, अनियमितता विरुद्ध शुन्य सहनशील बनौं,
☞ सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
☞ राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
☞ रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
☞ विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,
☞ अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
☞ सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



DFSK EC 36

" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "



हाम्रो ई.भी. सेवा

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४५, ९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८

सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी

मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०

पुरानो मकवानपुररोड

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना